नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७७/७८ मितिः- २०७८/०१/२६
चलानी नम्बर:-

## जिल्ला प्रशासन कार्यालय, मकवानपुरको अत्यन्त जरूरी सूचना ।

यस मकवानपुर जिल्लामा कोभिड-१९ संक्रमितहरूको संख्या तीव्ररूपमा वृद्धि भइरहेको र संक्रमणका कारण मृत्यु हुनेको संख्या समेत बढ्दै गइरहेको तथ्याङ्क सबैमा अवगत नै छ । जिल्लाभित्र कोभिड-१९ संक्रमणको जोखिम नियन्त्रण, रोकथाम तथा व्यवस्थापनका सन्दर्भमा मिति २०७८ साल बैशाख १९ गते आइतबार राती १२:०० बजेदेखि २०७८ साल बैशाख ३१ गते राती १२:०० बजेसम्म हेटौडा उपमहानगरपालिका, थाहा नगरपालिका, भिमफेदी गाउँपालिकाको सम्पूर्ण क्षेत्र र मनहरी गाउँपालिकाको पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) को दाँया/बाँया ५००/५०० मिटरको क्षेत्रमा निषेधाज्ञा समेत लागू गरिएको छ । निषेधाज्ञाका बाबजुद बिहान र बेलुका बाहिर मानिसहरूको भिडभाड देखिएको हुँदा औषधी उपचार र तोकिएको समयमा अत्यावश्यक खाद्य सामग्री खरिद गर्न बाहेक अन्य प्रयोजनका लागि बाहिर हिंडडुल नगर्नु, नगराउनु हुन, अत्यावश्यक खाद्य सामग्रीहरू नजिकको स्थानीय पसलमा नै खरिद गर्न हुन, बिरामी बोकेका सवारी साधन, जिल्ला प्रशासन कार्यालयबाट अनुमति प्राप्त सवारी साधनहरू एवं तोकिएका सवारी साधनहरू बाहेक अन्य सवारी साधनहरू सञ्चालन नगर्न, नगराउन हुन सबैमा पुनः अनुरोध गरिन्छ । यस सूचनाको अवज्ञा गरी अनावश्यक बाहिर हिंडडुल (पैदल वा सवारी साधनमा) गरेको पाइएमा संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कडाभन्दा कडा कारबाही भई जाने व्यहोरा समेत अनुरोध गरिन्छ ।

२०७८/१/२६

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी